"स्वच्छ, सुन्दर, र समुन्नत शहर, सर्लाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

## जग्गाधनी दर्ता श्रेस्ता, प्रमाणपुर्जामा भूउपयोग क्षेत्र अद्यावधिक गर्ने सम्बन्धी सूचना ।

(मिति : २०८०/०२/०८)

यस नगरपालिका अन्तर्गत रहेका जग्गाहरूको भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ मा उल्लेखित प्रकृयाहरू पुरा गरी लालबन्दी नगरपालिकाको स्थानीय भूउपयोग परिषद्ले भूउपयोग क्षेत्र वर्गीकरणको कार्य सम्पन्न गरी सो सम्बन्धी विवरण स्थानीय राजपत्र तथा यस कार्यालयको वेभ साईटमा प्रकाशन गरी मालपोत कार्यालय र नापी कार्यालयलाई अद्यावधिकका लागि पठाई सकिएकोले आफ्नो जग्गाधनी प्रमाणपुर्जामा तोकिएको व्यवस्था बमोजिम वर्गीकरण अद्यावधिक गर्न मालपोत कार्यालमा जग्गाधी दर्ता प्रमाणपुर्जाको सक्कल प्रति सहित निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

*पुनश्च :*

१. छुटफुट कित्ताको सम्बन्धमा : भूउपयोग क्षेत्र वर्गीकरणको कित्तागत विवरणमा छुटफुट कित्ताको हकमा नापी कार्यालयको अभिलेखसँग भिडाई स्वीकृत भूउपयोग क्षेत्र वर्गीकरण नक्सा अनुसार क्षेत्रमा वर्गीकरण भएको मानिनेछ ।

२. कित्ता नं. र नक्सा सिट नं. फरक देखिएमा : भूउपयोग क्षेत्र वर्गीकरणको कित्तागत विवरण र जग्गा धनी पुर्जामा समान कित्ता नं. को नक्सा सिट नं. फरक देखिएमा नापी कार्यालयको अभिलेख हेरी स्वीकृत उपयोग क्षेत्र नक्सा बमोजिमको क्षेत्रमा वर्गीकरण भएको मानिनेछ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत